मिति २०७२/०१/१८

नेपाल सरकार

उद्योग मन्त्रालयको

# प्रेस विज्ञप्ति

मिति २०७२ साल बैशाख १२ गते शनिवार विहान ११:५६ को समयमा गोरखा जिल्लाको वारपाक क्षेत्र आसपासलाई केन्द्र विन्दु बनाई ७.६ रेक्टर स्केलको भूकम्प गएको व्यहोरा सबैलाई जानकारी छ । सो स्केलको भूकम्प लगतै पछि क्रमशः कम रेक्टर स्केलका (कम शक्तिशाली) पराकम्प (Aftershocks) हरु आजका मिति सम्म गई रहेका छन् । पराकम्पको शक्ति प्रत्येक दिन क्रमशः घट्दो क्रममा र दुई पराकम्पहरु बिचको अन्तराल (Interval) भने क्रमशः बढ्दो क्रममा रहेको छ । तर पूर्णतः रोकिएको अवस्था छैन । भविश्यमा पनि यस प्रकारका कम शक्तिशाली र लामो अन्तरालको पराकम्पहरु (Aftershocks) काठमाण्डौ उपत्यकालाई समेत केन्द्र विन्दु बनाई आक्कल झुक्कल आउन सक्ने भएकोले आफ्नो बासस्थान, पेशा व्यावसाय गर्ने ठाँउ र भौतिक पूर्वाधारको राम्रो सँग जाँच पड्ताल गरी गराई सुरक्षित महसुस भई आफ्नो दैनिकी र पेशा व्यवसाय सुचारु गर्न हुन यसै प्रेस विज्ञप्ति मार्फत जानकारी गराइन्छ । भूकम्पको पराकम्प महसुस भएमा त्यस्तो भवनको आसपास सुरक्षित स्थानको पहिचान गरी आफू र आफन्तको सुरक्षा गर्नुहुन तथा भूकम्प संम्बन्धमा राष्ट्रिय वा अन्तराष्ट्रिय वैज्ञानिक, आध्यात्मिक वा शास्त्रीय श्रोतलाई उल्लेख गरी फैलाईएको कुनै पनि किसिमको आधारहिन हल्लाको पछि नलागी नेपाल सरकारका निकायहरु जस्तै खानी तथा भूगर्भ विभाग, उद्योग मन्त्रालय, गृह मन्त्रालयबाट जारी हुने सूचना तथा अनुरोधलाई अवलम्बन गर्नु हुन अनुरोध गरिन्छ ।

...............................

दिनेश कुमार घिमिरे
सहसचिव/ सूचना अधिकारी
उद्योग मन्त्रालय